म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२२ बिहीबार, ३ पुस २०८२ ने. सं. ११४६ थिंलागा 18 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**प्रतिलिपि अधिकार संरक्षण गरौं ।**

☞ सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं ।
☞ सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं ।
☞ अर्काको सृजना वा रचना चोरी नगरौं ।
☞ प्रतिलिपि अधिकार उल्लंघन नगरौं ।
☞ बौद्धिक सम्पत्तिको रक्षा गरौं ।
☞ सृजनाको संरक्षण गरौं ।

*सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

● हेटौंडाको सडक विस्तार विरुद्धको रिट 'हेर्न नमिल्ने' सूचीमा ●

# सडक विस्तारको बाँकी काम अन्यौल

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/हेटौंडा बजारक्षेत्रको २५ गज सडक विस्तार विरुद्ध दायर गरिएको रिट अदालतद्वारा हेर्न नमिल्ने सुचीमा राखिएको छ । निवेदनमाथि बुधवार सर्वोच्च अदालतमा सुनुवाइ हुन सकेन ।

सर्वोच्चका न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र सुनिलकुमार पोखरेलको संयुक्त इजलासमा यो मुद्दाको पेसी तोकिएको पनि 'हेर्न नमिल्ने' सूचीमा राखिएको हो । रास्वपा नेतृ एवम् पूर्वसांसद विन्दवासिनी कंसकार समेतले दायर गरेको रिट सर्वोच्चको इजलास नम्बर ६ को 'च' नम्बरमा सुनुवाइका लागि पेसी तोकिएको थियो । तर, इजलासले मुद्दा हेर्न नमिल्ने भनेपछि बुधबारका लागि तोकिएको सुनुवाइ रोकिएको हो । हेटौंडा बजारक्षेत्रमा सडकसीमा २५/२५ गजभित्रका संरचना हटाएर सडक विस्तार गर्न लागिएको भन्दै नेतृ कंसाकार लगायतले गत मङ्सिर १६ गते सर्वोच्चमा रिट दर्ता गराएका थिए ।

निवेदकहरुले व्यक्तिगत सम्पत्तिमा हस्तक्षेप भएको र प्रक्रिया नपुरयाई संरचना हटाउन खोजिएको भन्दै मुद्दा दायर गरेका थिए । रिटमा निवेदकले डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगर पालिका, जिल्ला प्रशासन कार्यालय मकवानपुर, सहरी विकास मन्त्रालय तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई विपक्षी बनाएका छन् । यसअघि मङ्सिर १९ गते न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले निवेदकको माग बमोजिम तत्कालका लागि संरचना नहटाउन र यथास्थितिमा राख्न विपक्षीका नाममा 'अल्पकालीन अन्तरिम आदेश' जारी गरेको थियो । अदालतले दुवै पक्षलाई अन्तरिम आदेशबारे छलफल गर्न बोलाएको थियो ।



मङ्सिर २६ गते न्यायाधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको इजलासले यो मुद्दासँग सम्बन्धित मिसिल झिकाउने आदेश गरेको थियो । सोही आदेशअनुसार पुस २ गतेको लागि पेसी तोकिएको हो । योसँगै हेटौंडामा सडक विस्तारको थपकार्य अन्यौलमा परेको छ । मंसिर २० गते सडक डिभिजन कार्यालय हेटौंडाले ७ किलोमिटर सडक सीमा भित्र पर्ने ५ सय भन्दा बढी संरचना एकैदिन भत्काएको थियो । भत्किएका ती संरचनाको कारण अहिले हेटौंडा बजार अस्तव्यस्त अवस्थामा छ । भत्काइएका भग्नावशेष हटाउने क्रममा पाँचजना मजदुर घाइते भएका छन् ।

भत्काइएका संरचनाका ढुंगा, ईँटा र रडका टुक्रा सडक तथा सडकपेटीमा छरिएर रहँदा पैदलयात्री तथा सवारी चालक दुवै जोखिममा परेका छन् । संरचना हटाउने क्रममा हुने सम्भावित जोखिमलाई मध्यनजर गर्दै बुद्धचोकदेखि लोकप्रियसम्मको मुख्य सडक खण्ड बन्द गरिएको छ । संगमचोकदेखि पिपलबोट हुँदै मकवानपुर उद्योग वाणिज्य संघ आउने सडक पनि बन्द गरिएको छ । सडक बन्द भएपछि हेटौंडाको कान्तिलोकपथ, बुद्धचोक, सीमाचोक र मेनरोडक्षेत्रमा सवारी जाम बढ्दै गएको छ । जामका कारण पैदलयात्रु, सार्वजनिक सवारीका यात्रु तथा निजी सवारी चालकले दैनिक सास्ती खेप्नुपरेको छ ।

**हेटौंडा-नारायणगढ खण्ड ७० किलोमिटरको स्तरोन्नति हुने**

पूर्वपश्चिम राजमार्ग अन्तर्गत नारायणगढ-हेटौंडा सडक खण्डमा विस्तार गर्ने कार्य हेटौंडा बजार क्षेत्रका कारण अलमलमा पर्ने सम्भावना देखिएको छ । एडीबीको सहुलयितपूर्ण ऋणमा मुख्य सडक ४ लेन र बजारक्षेत्रमा सर्भिसलेन सहित ८ लेन सडकमा विस्तार गरिने सडक विभागअन्तर्गत, आयोजना निर्देशनालय एडीबीले जनाएको छ । यो खण्डमा सडक सीमाभित्रका संरचना हटाउन सूचना जारी गरिसकेको छ ।

हेटौंडादेखि नारायणगढसम्म ७० किलोमिटर सडकखण्डको स्तरोन्नति गर्न लागिएको हाल यस आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन स्वीकृतिको अन्तिमचरणमा रहेको छ भने डिजाइनको काम पनि भइरहेको छ । सबै प्रक्रिया पूरा गरेर आगामी फेब्रुअरी (माघ-फागुन) तिर ठेक्का आह्वान गर्ने आयोजनाको तयारी छ । एडीबीको मुख्य कार्यालयले नियुक्त गरेको विदेशी परामर्शदाता टोलीले यसको डिजाइन र अध्ययन गरिरहेको छ । चितवन पर्यटनको राजधानी र पूर्वपश्चिम राजमार्गको मुख्य खण्ड भएकाले पनि यो आयोजनालाई प्राथमिकताका साथ अघि बढाइएको निर्देशनालयले जनाएको छ ।

यस्तै एडीबी निर्देशनालयका अनुसार मुग्लिन-आँबुखैरेनी खण्डमा सडक स्तरोन्नतिका लागि ठेक्का गरिँदैछ । आँबुखैरेनी र नारायणगढ-हेटौंडा खण्डको काम गर्न ५३ अर्ब रुपैयाँ लाग्ने अनुमान छ । यो एडीबीको सहुलियत ऋणमा विस्तार गर्न लागिएको हो । मुग्लिनदेखि आँबुखैरेनी सडक साढे ८ किलोमिटर २ लेन सडकमा विस्तार गर्न लागिएको हो ।

मुग्लिन बजारनजिकै त्रिशूलीमा र मर्स्याङ्दी जलविद्युत् आयोजनाको पावरहाउस नजिकै १-१ वटा पक्की पुल बनाउने गरी डिजाइन गरिएको छ । मर्स्याङ्दी पावर हाउसभन्दा ४०० मिटर पर पुल बन्नेछ । त्यसपछि जामुनेसम्म ४ लेन सडक निर्माण गरिने जनाइएको छ । त्यसैगरी बाराको पथलैयादेखि नारायणगढसम्मको १०० किलोमिटर सडक विस्तारका लागि डिजाइनको काम भइसकेको छ ।

# प्रदेशसभाको हिउँदे अधिवेशन तत्काल बोलाउन माग



साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/बागमती प्रदेशका विपक्षी दलहरुले प्रदेश सरकारले तत्काल प्रदेशसभा हिउँदे अधिवेशन नबोलाए प्रदेशसभा नियमावलीअनुसार अघि बढ्ने चेतावनी दिएका छन् ।

नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र हाम्रो नेपाली पार्टीले बुधबार मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई ज्ञापनपत्र बुझाउँदै अधिवेशन आह्वान नगरे प्रक्रियागत कदम चाल्ने चेतावनी दिएका हुन् ।

विपक्षी दलहरुले सरकार संसद्प्रति उत्तरदायी नभएको, लामो समयसम्म संसद् छलेर भाग्न खोजेको आरोप लगाएका छन् । ज्ञापनपत्रमा सरकारले जनताका आवाज उठ्ने थलो प्रदेशसभालाई बन्द गरेर 'कानमा तेल हालेर बसेको' आरोप लगाइएको छ । सरकारको गैरजिम्मेवारीपनकै कारण चालू बजेट (बर्खे) अधिवेशन हठात अन्त्य गरिएको विपक्षी दलको दाबी छ ।

संसदीय व्यवस्थामा सरकारले अधिवेशन नबोलाएको खण्डमा प्रदेशसभा नियमावली अनुसार एकचौथाइ सांसदको निवेदनमा विशेष अधिवेशन वा बैठक बोलाउन सकिने व्यवस्था रहेको उल्लेख गर्दै सोहीप्रक्रिया अपनाउने चेतावनी दिइएको हो । 'जेनजी विद्रोह'पछि देश संकटमा रहेको र संघीय संसद्समेत विघटन भएको अवस्थामा प्रदेशसभा नै अनिर्णयको बन्दी बनाइएको उनीहरुको आरोप छ । लामो समयदेखि सभामुख चयन हुन नसक्दा सचिवालय र संसदीय समितिसमेत ठप्प भएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

विपक्षी दलहरुले सरकारले स्वेच्छाचारी ढंगले विनियोजित बजेटमा ५० प्रतिशतसम्म कटौती गरेको भन्दै त्यसलाई तत्काल सच्याउन माग गरेका छन् । संसदबाट पारित बजेट कटौती गर्दा प्रतिपक्षसँग सामान्य परामर्शसमेत नगरिएको आरोप लगाइएको छ । उनीहरुले तत्काल हिउँदे अधिवेशन आह्वान गर्नुपर्ने, चालू आर्थिक वर्ष २०८२/८३ को बजेट कटौती नगरी यथावत् कार्यान्वयन गर्नुपर्ने तथा संसदमा टेबल भई पारित भएका थप योजनामा बजेट व्यवस्था गर्नुपर्ने तीनबुँदे माग अघि सारेका छन् ।

ज्ञापनपत्रमा बागमती प्रदेशसभाका प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता शालिकराम जम्कट्टेल, नेकपा एकीकृत समाजवादीका वसन्त मानन्धर र हाम्रो नेपाली पार्टीका संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले हस्ताक्षर गरेका छन् ।

# फोहोर व्यवस्थापनप्रति जेनजीको गम्भीर ध्यानाकर्षण



साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/हेटौंडा उपमहानगरपालिका-१० स्थित डम्पिङ साइटमा भइरहेको फोहोर व्यवस्थापनका क्रममा उत्पन्न प्रदूषणप्रति जेनजी मकवानपुरले गम्भीर ध्यानाकर्षण गराएको छ ।

'हरितनगर' को रुपमा परिचित हेटौंडामा पछिल्लो समय फोहोर व्यवस्थापनमा लापरबाही भएको भन्दै स्थानीय बासिन्दाबाट निरन्तर गुनासो आइरहेको जनाएको छ । स्थानीयवासीका अनुसार फोहोर व्यवस्थापनको जिम्मेवारी पाएको आधिकारिक संस्थाले नियोजितरुपमा डम्पिङ साइटमा आगो लगाउने गरेको आरोप छ । यसक्रममा फोहोरमा लागेको आगोबाट निस्कने धुवाँ, धुलो तथा प्लास्टिकजन्यपदार्थ जलेर उत्पन्न हुने घातक रासायनिक प्रदूषणका कारण क्यान्सरजस्ता गम्भीर रोग देखिन थालेको भन्दै जेनजी मकवानपुरले नगरप्रमुख मीनाकुमारी लामालाई ध्यानाकर्षणपत्र बुझाएको छ ।

फोहोर संकलन शुल्क निर्धारण प्रक्रियामा समेत व्यापक असन्तुष्टि देखिएको छ । जेनजी मकवानपुरले गरेको अध्ययनअनुसार अन्य उपमहानगरपालिकाको तुलनामा हेटौंडामा बढी शुल्क लिइएको पाइएको पत्रमा उल्लेख गरिएको छ । फोहोर संकलनसम्बन्धी बोलपत्र आह्वान प्रक्रियामा सिण्डिकेट रहेको आशंका पनि संस्थाले व्यक्त गरेको छ । यस विषयमा पीडित स्थानीयवासीसँग हेटौंडा उपमहानगर पालिका तथा सरोकारवाला निकायले विभिन्न समयमा समस्या समाधान गर्ने सहमति गरे तापनि हालसम्म समाधान हुन नसकेको गुनासो रहेको जनाइएको छ । पटकपटक जानकारी गराउँदा पनि सम्बन्धित निकायबाट कुनै प्रतिक्रिया नआएको भन्दै आमनागरिकमा निराशा बढ्दै गएको उल्लेख गरिएको छ ।

जेनजी मकवानपुरका संयोजक सुविन खत्रीले डम्पिङ साइटबाट उत्पन्न प्रदूषणले मानवस्वास्थ्य र वातावरणमा गम्भीर असर पारिरहेको भन्दै उपमहानगरपालिकाले तत्काल प्रभावकारी र दीर्घकालीन समाधानको पहल गर्नुपर्ने माग गरेका छन् ।

# लैङ्गिकहिंसाविरुद्ध समन्वय सुदृढ गर्न प्रदेशस्तरीय सम्मेलन हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/लैङ्गिक हिंसाविरुद्धको प्रतिकार्य संयन्त्रलाई सुदृढिकरण गर्ने उद्देश्यले (भोलि) विहिबार बागमती प्रदेशस्तरीय सम्मेलन हेटौंडामा हुने भएको छ ।

एक्सोनेट नेपालको आर्थिक सहयोग तथा मकवानपुर महिला उत्थान समाज, चितवन सक्रिय महिला प्रतिष्ठान, महिला अधिकारका लागि राष्ट्रिय अभियान, मानवअधिकार संरक्षण तथा मानव बेचविखनविरुद्ध जिल्ला सञ्जाल मकवानपुर र यौनजन्य हिंसाविरुद्धको साझा अभियान चितवनको सयुक्त समन्वय र सहकार्यमा सममेलन आयोजना गर्न लागिएको बुधबार पत्रबार सम्मेलनमार्फत जानकारी दिइएको हो ।

कार्यक्रममा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको सहकार्य रहेको आयोजकले जनाएको छ ।

सम्मेलनलाई बागमती प्रदेशसभाकी सभामुख अप्सरा चापागाईंले उद्घाटन गर्नेछिन् । सम्मेलनमा महिला, किशोरी तथा लैङ्गिक अल्पसंख्यकलाई लक्षित गरी हुने विभिन्न प्रकारका हिंसा रोकथाम, पीडितलाई न्याय तथा पुन:स्थापना सुनिश्चित गर्ने उपायबारे छलफल हुने बताइएको छ ।

लैङ्गिकहिंसा न्युनीकरणका निम्ति प्रदेश सरकारको भूमिका, संघीय सरकारसँगको समन्वय तथा स्थानीय तहसँगको सहकार्यलाई प्रभावकारी बनाउने विषयमा केन्द्रित सम्मेलन गरिन लागेको आयोजकले जनाएको छ ।

सम्मेलनमा १७ जिल्लाका महिला अधिकारकर्मी, हिंसापीडित, पालिका र वडाका प्रतिनिधि, संघ, प्रदेशका प्रतिनिधि गरी ८० भन्दा बढीको सहभागिता रहने अनुमान गरिएको छ । कार्यक्रमको दोस्रो सत्रमा प्यानल डिस्कसन हुने बताइएको छ ।

जसमा समामाजिक विकास महाशाखाप्रमुख अमृत अधिकारी, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सुवासचन्द्र बोहोरा, उच्चसरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता अशोकराज रेग्मी, महिला तथा बालबालिका मन्त्रालयकी उपसचीव रोशनी कार्कीको भूमिका रहने बताइएको छ । प्यानल डिस्कसनमा सहजकर्ताको रुपमा महिला अधिवक्ता अप्सरा बस्नेत रहने बताइएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सभामुख विवादले बागमती प्रदेशसभा ठप्प

बागमती प्रदेशसभाको बैठक विगत चार महिनादेखि अनिश्चित रहनु प्रदेशको संसदीय अभ्यास र लोकतान्त्रिक प्रक्रियामाथि गम्भीर प्रश्न हो । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि सभामुख भुवनकुमार पाठकको राजीनामासँगै सुरु भएको राजनीतिक अन्योल आजसम्म टुंगिन सकेको छैन । सभामुख पद रिक्त रहँदा प्रदेशसभा बैठक नबस्नु, संसदीय समिति निष्क्रिय हुनु र विधेयकहरू अड्किनु प्रदेश शासन व्यवस्थाको कमजोर पक्ष उजागर गर्ने उदाहरण बनेको छ । संविधानले परिकल्पना गरेको संसदीय प्रणालीमा सभामुख पद केन्द्रीय भूमिकामा रहन्छ । सभामुख बिना सदन सञ्चालन हुन नसक्ने अवस्था हुनु स्वाभाविक हो । तर सत्तारुढ दलहरू नेपाली कांग्रेस र एमालेबीचको असहमति नै चार महिनासम्म सदन बन्धक बन्नु लोकतान्त्रिक मर्यादाका दृष्टिले स्वीकार्य हुँदैन । सरकार सञ्चालन गर्ने दलहरूकै कारण विधायन प्रक्रिया रोकिँदा यसको प्रत्यक्ष असर आम नागरिकमा पर्ने तथ्यलाई राजनीतिक नेतृत्वले गम्भीरतापूर्वक बुझ्न आवश्यक छ ।

प्रदेशसभा बैठक नबस्दा अहिले दुई वटा नयाँ विधेयक संसदमा दर्ता भएर पनि अघि बढ्न सकेका छैनन् । एउटा विधेयक विचाराधीन अवस्थामा छ भने अर्को संसदीय समितिमै अल्झिएको छ । यसको अर्थ प्रदेशका लागि आवश्यक नीति, कार्यक्रम र कानुनी सुधारहरू रोकिएका छन् । प्रदेश सरकारले कार्यान्वयन गर्नुपर्ने धेरै निर्णय कानुनी आधार अभावमै अड्किरहेका छन् । यसले प्रशासनिक जटिलता बढाएको छ भने विकास र सेवा प्रवाहमा समेत ढिलाइ हुने खतरा बढेको छ । सत्तारुढ दलहरूको तर्क आ-आफ्नै छन् । एमालेले मुख्यमन्त्री कांग्रेसले पाएकाले सभामुख आफ्नो दाबी स्वाभाविक भएको बताइरहेको छ भने कांग्रेसले केही महिनापछि मुख्यमन्त्री एमालेलाई सुम्पिनुपर्ने भएकाले सभामुख आफूले पाउनुपर्ने अडान राखेको छ । यी दाबीहरू सत्ता समीकरणका हिसाबले राजनीतिक रूपमा बुझ्न सकिए पनि जनप्रतिनिधि संस्थालाई लामो समयसम्म निष्क्रिय राख्नु कुनै पनि हिसाबले जायज हुँदैन । राजनीतिक समझदारी नजुट्नुको मूल्य प्रदेशका नागरिकले तिर्नुपर्ने अवस्था सिर्जना हुनु दुःखद हो । प्रदेशसभा सचिवालयले बैठक सञ्चालनका लागि सम्पूर्ण तयारी पूरा गरेको, सभाहल मर्मत-सम्भारदेखि आवश्यक उपकरणको व्यवस्था गरिसकेको अवस्थामा सरकारबाट सूचना नआउनु अझै चिन्ताजनक छ । अधिवेशन अन्त्य गरेर नयाँ अधिवेशन नबोलाउनु आफैँमा राजनीतिक रणनीति हुनसक्छ, तर त्यसको परिणाम विधायन शून्यता हुनु लोकतान्त्रिक शासनका लागि राम्रो संकेत होइन ।

दलहरू पार्टी संरचना निर्माण, महाधिवेशन र आन्तरिक राजनीतिमा व्यस्त हुनु स्वाभाविक भए पनि जनताको सार्वभौम संस्थालाई प्राथमिकताबाट पछाडि पार्नु गैरजिम्मेवार व्यवहार हो । प्रदेशसभाको बैठक १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने कानुनी व्यवस्थालाई टार्नकै लागि बैठक नबोलाउने रणनीति अपनाइएको हो भने त्यो संसदीय मूल्य-मान्यतामाथिको उपहास हो । अब ढिलाइ गर्ने ठाउँ छैन । पुसको दोस्रो साताभित्र हिउँदे अधिवेशन बोलाउने तयारी भइरहेको भनाइ व्यवहारमा उतारिनै पर्छ । सभामुख चयनका विषयमा सत्तारुढ दलहरूले लचकता देखाउँदै सहमतिको बाटो खोज्नुपर्छ । प्रदेशसभा कुनै दलको शक्ति प्रदर्शनको थलो होइन, जनताको आवाज, आवश्यकता र अधिकारलाई कानुनी रूप दिने साझा मञ्च हो । यदि राजनीतिक स्वार्थकै कारण सदनलाई यस्तै बन्धक बनाइरहियो भने त्यसको दीर्घकालीन असर प्रदेशको लोकतान्त्रिक अभ्यास र जनविश्वासमा गहिरो पर्नेछ । बागमती प्रदेशसभालाई अब अनिश्चितताको घेराबाट निकालेर जिम्मेवार र सक्रिय बनाउनु राजनीतिक नेतृत्वको परीक्षा हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस ४ गते शुक्रबार १९ डिसेम्बर २०२५ । औंसी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:५१ सूर्यास्त ५:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सामाजिक काममा रुचि बढ्नेछ | तुला | : प्रतिष्ठित काम गर्ने मौका छ |
| वृष | : यात्रामा कष्ट मिल्नेछ | वृश्चिक | : आत्म-विश्वास बढ्नेछ |
| मिथुन | : त्रासमय दिन हुनेछ | धनु | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | : खानपिन राम्रो हुनेछ | मकर | : पारिवारिक जमघट हुनेछ |
| सिंह | : शरीरमा बाधा पुग्न सक्नेछ | कुम्भ | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कन्या | : मन पर्ने उपहार पाइने योग छ | मीन | : कामबाट फुर्सद मिल्नेछ |

# के महिला केवल 'सहेर बस्ने' जात हो ?



✍ काजी गुरुङ

हुन त, सामाजिक आन्दोलनको लडाइँ हिजो वा आज मात्रै सुरु भएको पक्कै होइन । आजभन्दा धेरै वर्ष अगाडि, ७०० ईसापूर्वमा याज्ञवल्क्य र विदुषी गार्गीबीच ब्रह्मवादबारे शास्त्रार्थ भएको थियो भनिन्छ । साथै यो पनि भनिन्छ कि, गार्गीसँगको तर्कमा हार्ने डर भएपछि, याज्ञवल्क्यले गार्गीलाई, 'यदि अरू प्रश्न गऱ्यौ भने तिम्रो शिर शरीरबाट अलग हुनेछ' भनेर तर्साएका थिए रे ! हामी त्यस्तो 'मिथक'बाट निर्देशित हुँदै आएका समाजका बासिन्दा हौँ । हामी त्यही समाजका बासिन्दा हौँ, जहाँ उखान टुक्कामा समेत महिलाहरूलाई बारम्बार अपमानित गरिन्थ्यो/गरिन्छ । यहाँका महिलाहरूलाई अस्तित्वविहीन गराउँदै भनिन्छ, 'पानीको रङ्ग हुँदैन, आइमाईको जात हुँदैनह रङ्ग नहुनेको ढङ्ग हुँदैन…' आदि इत्यादि ।

उखान टुक्काको प्रसङ्ग आइसकेपछि हाम्रै दिमागमा पत्तै नपाई, द्वेष, घृणा, नजानिकन नै लैङ्गिक विभेद कति गहिरोसँग जरा गाडेर बसेको हुने रहेछ भन्ने आफ्नै अनुभव लेख्न मन लाग्यो । करिब दुई दशक लैङ्गिक विभेदका कुराहरूको बारेमा चेतनामूलक आवाज उठाएर आफूलाई 'खुबै जान्ने' भन्ठानिसकेकी मैले, एकदिन फेसबुकमा कसैको स्टाटसमा प्रतिक्रिया जनाउँदै एउटा उखान टुक्का लेखेँ, 'लुटको धन फुपूको श्राद्ध भनेको यही होला !' वर्षौंवर्षदेखि महिला विरुद्ध हुने ज्यादती, हिंसा र भेदभावको विरुद्धमा कलम र आवाज दुवै माध्यमबाट सर्वसाधारणसामु आवाज उठाउँदै आएको यो दिमागमा उक्त आख्यानले पनि महिला विरुद्ध भेदभाव गर्दै आइरहेको छ भन्ने तथ्य त दिमागमा घुसेकै रहेनछ ! त्यसबाट आँखा उघारिदिनुभयो पोखरा निवासी इन्जिनियर/साहित्यकार वसन्त गौतमलेह उहाँले शालीन शब्दमा शिक्षित गराउँदै लेख्नुभयो, 'दिदी, हामीले यस्ता उखान टुक्काहरूलाई हटाउँदै जानुपर्छ । यसले पनि महिलामाथि विभेद गरेको छ । किनभने एउटै आमा बाबुको सन्तान काका र बाबुहरूको श्राद्ध गर्न हुने फुपूहरूको नहुने किन ?'

यो प्रसङ्गलाई कोट्याउनुको कारण, हामीले हाम्रो दैनिक जीवनमा जानी/नजानीकनै कति विभेदकारी भाषा, उखान र टुक्काहरूको प्रयोग गर्दा रहेछौँ भन्ने प्रमाण पेस गर्नु हो । तर हामीले दिनहुँ भेट्ने, पढ्ने र व्यवहार गर्ने व्यक्तिहरू वसन्त गौतमको सोच भएका एकदमै कम मात्र पाउँछौँ । जतासुकै होस्, पढेलेखेका अर्थात् आफूलाई शिक्षितको श्रेणीमा राख्ने हुन् या सडकका भाषा बोल्ने व्यक्तिहरू नै किन नहुन्, उनीहरू महिलाहरूमाथि त्यति धेरै मात्रामा विभेदकारी भाषाहरूको प्रयोग गर्दछन् कि, कहिलेकाहीँ त ती आफूलाई शिक्षित भन्न रुचाउनेहरूले 'साँच्चै शिक्षाको महत्त्व पनि बुझेका होलान् त ?' भन्ने प्रश्न उठाउन मन लाग्दछ । यसै क्रममा यहाँ एक दुईवटा उदाहरणहरू पेस गर्न चाहन्छु । आजको अति लोकप्रिय सामाजिक सञ्जालमा महिलालाई होच्याउने या अपमान गर्ने यस्ता वाक्यहरू बग्रेल्ती देखिन्छन् । आश्चर्य त तब हुन्छ, जब त्यस्ता वाक्यहरूको विरोध गर्नुको सट्टा धमाधम 'लाइक' (मन पराएको अभिव्यक्ति पोख्ने) गर्ने मात्रै होइन, अझै अपमानजन्य शब्दहरूको वर्षा गरिन्छन् । केही वर्ष अगाडि 'नेपाल आमा' भनेर आफूलाई चिनाउन चाहने व्यक्तिले लेखेको पढ्न पाइयो, 'भ्रष्टाचारीको बुढी बहुलाओस् ! अनि प्यारी छोरी पोइला जाओस् !'

सामाजिक सञ्जालमार्फत सूचना प्रवाह गर्न चाहने र जान्ने व्यक्तिलाई अशिक्षितको कोटीमा पक्कै पनि राख्न सकिँदैनह तर यदि ती व्यक्ति शिक्षित हुन् भने शिक्षाले के यस्तै ज्ञान प्रदान गर्दछ त ? त्यो पनि नेपाल आमा जस्तो नामबाट ? कुनै आमाले आफ्ना सन्तानको मानसिक सन्तुलन खलल होस् या छोरी पोइला जाओस् भन्ने कामना गर्लिन् त ? त्यो त पछिल्लो चरणमा उठ्ने कुरो ! पहिले त कुनै भ्रष्टाचारीले गरेको गलत कामको परिणाममा उसको श्रीमती र छोरीलाई किन संलग्न गराउने ? के अधिकांश पुरुषहरूले घुस खानुभन्दा अगाडि 'म घुस खाउँ कि, नखाउँ ?' भनेर घर सल्लाह गरेका हुन्छन् र ? अर्को अत्यन्तै आपत्तिजनक वाक्य २०७२ सालको संविधान बन्नु अगाडि जताततै देख्न सकिन्थ्यो, 'संविधान नबनाउने सभासद्का छोरी बहिष्कार गरौँ !'

फेरि पनि महिलाकै अपमान ? यस्ता कुराहरू लेख्दा र बोल्दा किन ती व्यक्तिहरूले बिर्सन्छन् कि ती छोरीहरूको अपमान गर्नु भनेको आदिमकालीन समाजको सोच हो । पढेलेखेका भनिने ती दिमागमा कसरी स्वच्छ विचारहरू भित्र्याउन सकिन्छ होला ? अझ यतिले नपुगेर एक सुन्दर युवतीको पछाडि फर्किएको फोटो राखेर अर्को व्यक्तिले जवाफ दिन्छ, 'पछाडिबाट देख्दा त यति राम्री छ, कसले बहिष्कार गर्ला ?' यस्ता नीच र कुत्सित विचारहरूसित कहिलेसम्म जोरी खोज्दै हिँड्नुपर्ने ? नपढेका व्यक्तिहरूलाई त शब्द र वाक्यको अर्थ सम्झाएर सकारात्मक सोच भर्न सकिएला तर … र गोबर छुट्याउन नसक्ने पढेलेखेकाहरूलाई के भनेर त्यसभित्रको फरक सम्झाउने ? आख्यान र उक्तिकै प्रसङ्ग उठाउँदा नेपाली भाषामा त्यस्ता थुप्रै उखान-टुक्कादेखि लिएर आमाचकारी बोल्नेहरूको संख्या पनि कम छैन । सबैभन्दा आश्चर्य त त्यस बेला हुन्छ जब कुनै व्यक्तिले अरूलाई गाली गर्नुपर्दा आफूलाई जन्माउने आमाको हदैसम्म नीच भाषामा अपमान गरिरहेको हुन्छ । ती बाहेक यहाँ त्यस्ता केही उखान-टुक्काहरूको उल्लेख गर्न चाहन्छु, जुन आजको समय र परिप्रेक्ष्यमा महिलाको आत्मसम्मानमा ठेस पुऱ्याउने खालका छन् । त्यसैमध्येको पहिलो उदाहरण, 'छोरीको जन्म हारेको कर्म !': आजको समयमा छोरीहरूले विपरीत लिङ्गीसँगै काँधमा काँध मिलाई घर, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरमा समेत विद्वता हासिल गरिरहेको परिप्रेक्ष्यमा यो आख्यानको उपादेयता किन र कति ?

त्यस्तै अर्को उदाहरण, 'खुट्टा भए जुत्ता कति कतिह मर्दको हजारवटी': जुन बेला नेपालमा बहुविवाहको प्रचलन थियो, सायद, त्यति बेलै यो कथनको सुरुवात भएको थियो होला ! तर कानुनी रूपमा नै बहुविवाहलाई बन्देज लगाइसकिएको चार दशक बितिसक्दा पनि महिलाहरूलाई निचा देखाउन उनीहरूको अस्तित्व नै नकारे र खुट्टामा लगाउने जुत्ताको रूपमा मात्रै होइन, बहुविवाह या बहुसम्बन्ध स्थापित गराउन प्रोत्साहित गर्ने खालका कुत्सित विचारहरू लड्नको लागि ठाउँ-कुठाउँमा प्रयोग गरिने यस्ता प्रसङ्गहरूलाई सभ्य भनिने समाजमा कतिसम्म स्थान दिइरहने ? त्यस्तै, 'छोरी हुनेले कहिले तुजुक गर्नु हुँदैन' भन्ने टुक्काले के खोजेको ? छोरी र छोरा भनेका एउटै कोखका सन्तान होइनन् र ? बढ्ने, हुर्कने क्रममा केही साना ठूला गल्ती गरिहाले पनि छोराले चाहिँ छुट पाउने, छोरीको कारणले भने मानमर्दन खप्नुपर्ने ? यही हो समाजको न्याय ? या मानवताको धर्म ? 'आइमाईको रुद्रघण्टी हुँदैन', यो उखान लेख्ने एकजना पुरुषलाई केही दिन अगाडि प्रश्न राखेँ, 'यो कुरा लेख्दा दिदी, बहिनी, आमा, सहकर्मी कसैको पनि विचार आएन ?' जवाफ आयो, 'तीबाहेक भनेर लेखेको छु ।'

वा क्याबात !

महिला भन्नेबित्तिकै घर बाहिरकालाई जे भने पनि हुन्छ, जे लेखे पनि हुन्छ । अनि रुद्रघण्टीकै प्रश्न उठाउने हो भने पुरुषहरू कम वाचाल हुन्छन् ? यदि त्यसो हो भने, वकिल, पत्रकार, शिक्षक आदि पेसामा पनि पुरुषको संख्या शून्य नै हुनुपर्ने ! किनभने, 'रुद्रघण्टी' नभएको भन्न खोजिएको आशय मनमा कुरा नरहने वा धेरै बोल्ने हो र यहाँ उल्लेखित पेसाहरूमा त जति धेरै बोल्यो त्यति धेरै बिक्छह कि कसो ? त्यो कुरो साँचो हो भने त्यस्ता पुरुषको पनि रुद्रघण्टी नभएकै ठान्नु पऱ्यो त, हैन र ? 'पुरुषको भाग्य र नारीको चरित्र दैवले पनि जान्दैन !' पुरुषको चरित्र मात्रै कसैले बुझेको हुन्छ र ? स्वास्नी मारेर प्रमाण लुकाउन गरिने तिकडमदेखि लिएर यता फर्कियो एउटा कुरो, अर्कोतर्फ फर्कियो अर्को कुरा गरेर जालझेलमा अरूको जिन्दगी चौपट पारिदिने व्यक्तिहरूको पनि कमी नदेखिएको होइन दिनानुदिनको व्यवहारमाह चरित्र भन्ने कुरा त व्यक्ति व्यक्ति पिच्छे फरक हुने कुरा हो । यस्तो कुरालाई गाई गङ्गा बराबर गरेर महिलाहरूलाई आरोपित गरिरहन पाइन्छ र ?

'ढिलो होस्, छोरो होस् ! वा छोरो जन्मे खसी खाउँला, छोरी जन्मे फर्सी' जस्ता उखानहरूको प्रयोग बारम्बार गर्दा अन्तर्राष्ट्रिय स्तरमै विभेदकारी समाज निर्माण प्रक्रियामा गरिएको लगानी, सोच र मिहिनेतको धज्जी उडाउन खोजिएको होइन र ? कि, दातृसंस्थाले पैसा दिंदा हात थापेर 'जे भन्छौ, त्यही मान्छु' भन्ने त्यसपछि व्यवहारमा लत्याइदिने ?

'पोथी बासेको अलक्षण हुन्छ', 'पोथी बासेको घर' आदि आदि भनेर महिलालाई गिराउनेहरूले मार्गरेट थ्याचर, इन्दिरा गान्धी, बेनजिर भुट्टो, एन्जेला मर्केल, सोनिया गान्धी, हिलारी क्लिन्टन जस्ता पोथीहरू बासेरै त भालेहरूको भलो भएको छ नि, हैन र ? यति हुँदाहुँदै पनि त्यस्ता पुरातनवादी टुक्काहरूको उपादेयता बाँकी होला र ? 'तीन गोरुको हल बलियो, दुई स्वास्नीको घर बलियो', फेरि बहुविवाहलाई प्रश्रय दिने कुरो ! नियम कानुन भन्ने कुराहरू पालन गर्न बनाएको कि, देउतालाई राख्ने खोपी जस्तै खोपीमा राख्न बनाएको ? यसको जवाफ कोसँग माग्ने होला ? 'राँडीलाई लान्छु नभन्नु, गरिबलाई दिन्छु नभन्नु ।' एकल महिलामाथि कति हेय दृष्टि राखेको ? दोस्रो विवाह गर्न किन नपाउने ? पुनर्विवाहको प्रतियोगिता गराउने हो भने विधवाहरू भन्दा बढी विधुरहरू नै दोस्रो विवाह गर्नमा दक्षता हासिल गरेका उदाहरण पाइन्छन् त ! तर पनि महिलाकै धज्जी उडाउन नचुक्ने ?

'आइमाईको सिप रछ्यानमा ।' यो उखान पढे भने ठूला ठूला पदमा बस्ने महिलाहरूले के सोच्दा होलान् भन्ने लाग्दछ कहिलेकाहीँ, तर के गर्नु र ! अहम् र पुरुषत्वको घमण्डले भरि एको पुरुष चाहे स्वास्नीकै कमाइ खाएर जिन्दगी किन नबिताओस् सबैभन्दा पहिले उसैको मुखबाट त्यस्ता आख्यानहरू सुन्न पाइन्छ । समाजमा बिहान बेलुकीको दालभात खाएझैँ सहज रूपमा लिएर बोलिने, लेखिने र मजाकका विषय बनाइने यस्ता नकारात्मक शब्द, वाक्य र आख्यानहरू कोट्याउन थाल्ने हो भने एउटा ठेली नै तयार हुन्छह न त एउटा लेखमा ती सबै कुराहरू अट्दछन् न यो लेखकमा ती सबै वर्णन गर्ने बुता छ । यहाँ त अब आइन्दा यस्ता कुराहरूमा पनि ध्यान दिन सकिन्छ कि भनेर समाजका सकारात्मक सोच भएका व्यक्तिहरूलाई सावधान गराउन मात्र खोजिएको हो । यो पङ्क्तिकारको आशय रस लिम्बो र डन आइमस (दुवैजना अमेरिकन रेडियो पर्सनालिटी जो महिलाहरूलाई एकदमै गिराएर बोल्थे, उनीहरू जस्ता प्रवृत्तिका मानिसहरूलाई परिवर्तन गराउन सकिन्छ भन्ने पक्कै होइन ।

निष्कर्षमा भन्नुपर्दा, हरेक वर्ष अङ्ग्रेजी शब्दकोशहरूमा कतिपय शब्दहरूमाथि प्रतिबन्ध लगाइन्छह कतिपय शब्दहरू थपिन्छन् । आख्यानकै कुरा गर्दा केही वर्ष अगाडिसम्म बेलायतमा प्रचलनमा आएको आख्यान, 'आइरिस, ब्ल्याक एन्ड डग्स आर नट एलाउड' या अमेरिकामा प्रयोगमा आउने, 'कालेहरू यस्ता या उस्ता' भनेर ठाडै गरिने टिप्पणी आजको समयमा कसैले मुखबाट निकाल्यो भने त्यो व्यक्ति ठूलो समस्यामा पर्न सक्छ जेल नै पनि जान सक्छ । त्यसैले समय अनुसार आफ्नो विचारलाई पनि सभ्य बनाउँदै लाने कि ? सुट टाइमा ठाँटिएर मुखबाट क्षुद्र भाषाको सदावहार वर्षात गर्न नहिचकिचाउने भलादमी बन्ने ? निर्यौल गर्ने जिम्मा यी हरफहरू पढ्नेलाई वा पढेर अरूको पनि आँखा खुलोस् भनेर अरूसम्म पुऱ्याउनेहरूलाई नै छाडौँ ।

यो समाज अझै पनि कस्तो मोडमा उभिएको छ भने महिला जतिसुकै सक्षम होऊन् कुनै अर्थ छैन तर पुरुष हुन साँच्चैको सक्षम पुरुष हुनु पर्दैन केवल चराचुरुङ्गीले बाली खाला भनेर आफ्ना खेत खलियानमा पुरुषको भेषमा लठ्ठीमा बनाएर झुन्ड्याएको 'बुख्याँचा' मात्र भए पनि पुग्छ । यसलाई अझै प्रस्ट पार्नुपर्दा, 'बुख्याँचा' ले आफू त केही गर्न सक्दैन नि, तर अरूले त्यही लट्ठीमा टोपी र हात बनाएर झुन्ड्याइदिएपछि उसले केही गरोस्/नगरोस् ती निरीह प्राणीहरू जसलाई तर्साउन बनाएको हो तिनीहरूले भाग्नै पर्छ । त्यसो हुनुमा उसलाई, अरूले आशीर्वाद दिएर पठाएको अस्तित्व उसले प्राप्त गरेको हुन्छ । नेपाली महिलाले पनि समाजका बुख्याँचाहरूले दिने पीडाबाट मुक्ति पाउन अझै कतिसम्म पर्खनु पर्ने हो थाहा छैन ! प्रसङ्ग बदलौँ, नेपाली महिला आन्दोलनको कुरा गर्नुपर्दा, नालापानी (सन् १८१४ अक्टोबर) र काँगडाको युद्ध (सन् १८०६ देखि १८०९) देखिको कुरा निस्कन्छह तर, ती युद्धहरूमा, महिलाले आफ्नो हक र अधिकारको लागि छुट्टै कदम उठाएको नभई, राष्ट्रको लागि भएको युद्धमा पुरुषहरूको साथमा सँगसँगै लागेको देखिन्छ ।

हुन त, सन् १८९७ (वि.सं. १९५४) तिर दुर्गादेवी आचार्यले 'स्त्रीशिक्षा' बारे लेख लेखेको कुरा अनुसन्धानकर्ताहरूले खोजेका छन्ह तापनि, योगमायालाई नारीवादी आन्दोलनको थालनीकर्ताको प्रतीक बनाउने प्रयत्न गरिएको छ । भोजपुर जिल्लाको मजुवाबेसीमा १९१७ सालदेखि १९२५ को बिचमा जन्मिएकी भनिएकी योगमायाले, जातभात हटोस्ह सतीप्रथा बन्द होस् आदि, 'सत्य-धर्म-भिक्षा'को माग राणा प्रधानमन्त्री जुद्धशमशेर समक्ष राखिन् । योगमाया न्यौपानेको बारेमा शोधकार्य गर्ने बारबरा निम्रीका अनुसार योगमायाले सामाजिक न्याय र समानताको बारेमा आवाज उठाएकी थिइन् । राणा प्रमले ती कुराहरूमा ध्यान नदिएपछि, विद्रोहस्वरूप, ३१ असार १९९८ मा अरुण नदीमा हामफालेर देहत्याग गरिन् । उनका साथमा, उनका ६८ जना अनुयायीहरू थिए ।

त्यो समय राणाकाल थियो, सर्वसाधारणलाई नै बोल्न, पढ्न, लेख्न प्रतिबन्ध लगाइएको समयमा, ठूलो संख्यामा महिलाहरू त झनै कहाँ अगाडि देखिन सक्थे र ! तर, केही महिला थिए, जसले १९७४ सालमा नै 'महिला समिति' गठन गरेर महिलाहरूको सामाजिक स्तर उकास्न काम गर्ने उद्देश्य राखे । यस पछि नै चन्द्रशमशेर राणाले २५ असार १९७७ मा 'सती प्रथा' अन्त्य गरेको घोषणा गरेका थिए । चन्द्रकान्ता मल्लले महिलाहरूलाई शिक्षा दिन १९९३ सालमा कन्या स्कुलको स्थापना गरिन् र महिला शिक्षाको सुरुआत गरिन् भनेर महिला शिक्षाको श्रेय इतिहास लेखनको कतिपय ठाउँमा उनलाई दिइए पनि देवशमशेरको पालामा अर्थात् ३० वैशाख १९५८ मा विभिन्न स्थानमा कन्या पाठशाला खोलिएको जानकारी उनको पालाको इतिहास पढ्दा थाहा हुन्छ ।

त्यसरी नै २२ असार १९८० मा काठमाडौँ, पाटन र भक्तपुरमा पनि कन्या पाठशालाहरू खोलिएको देखिन्छ । ती पाठशालाहरू चार श्रेणीसम्मको पढाइको लागि खोलिएको रहेछ । बरु, चन्द्रकान्ताको 'कन्या स्कुल' व्यक्तिगत पहलमा खोलेको पहिलो भन्न सकिन्छ कि ? २००३ सालमा कन्या मन्दिर माविको स्थापना भएको देखिन्छ । र, २००४ सालको श्रीपञ्चमीको दिन पद्मकन्या विद्याश्रमको स्थापना भयो । त्योभन्दा अगाडि नै पद्मकन्या विद्याश्रम लगिएका विद्यार्थीहरू दरबार हाईस्कुलमा पढिरहेका थिए । रेवन्तकुमारी आचार्यले २००३ सालमा 'आदर्श महिला सैं'को स्थापना गरिन् ।'नागरिक अधिकार आन्दोलन' २००४ सालमा महिलाहरूले पनि भाग लिएका थिए । त्यतिबेला आन्दोलनमा सक्रिय हुने महिलाहरूमा दिव्या कोइराला, कनकलता, स्नेहलता ओन (गुरुवाचार्य) श्रेष्ठ, मङ्गलादेवी, साधना प्रधान, सहाना प्रधान आदि हुनुहुन्थ्यो ।

सोही वर्ष नै म्हेपीमा भेला भएका महिलाहरूको भेलाले 'नेपाल महिला सैं'को स्थापना भयो । २००७ सालको आन्दोलनमा पनि थुप्रै महिलाहरूले भाग लिएका थिए । पुण्यप्रभादेवी ढुङ्गानाको नेतृत्वमा २००६ सालमा 'अखिल नेपाल महिला सैं' गठन भयो । महिलाहरूले भोट हाल्न पाउने अधिकार २००८ सालमा प्राप्त गरे । त्यसभन्दा अगाडि महिलाहरूले अनमेल विवाह, बालविवाह, बहुविवाहको अन्त्य गर्ने, विधवा विवाहलाई मान्यता दिने, महिला शिक्षामा जोड दिने, भोट हाल्न पाउनुपर्ने विषयहरूमा आवाज उठाउँदै आए तापनि, उनीहरूलाई मतदानको अधिकार प्राप्त भएको थिएन । २०१० सालमा भएको काठमाडौँ म्युनिसिपालिटीको चुनावमा महिलाहरूले पहिलोपटक मतदान गरेह र, उक्त निर्वाचनमा साधना प्रधान निर्वाचित जनप्रतिनिधिको रूपमा विजय प्राप्त गर्ने पहिलो महिला बनिन् ।

२०११ सालमा राजा त्रिभुवनद्वारा गठित सल्लाहकार सभामा मङ्गलादेवी सिंह, मायादेवी शाह, विद्यादेवी देवकोटा, पुण्यप्रभादेवी ढुङ्गाना र प्रतिभा झा मनोनित भएका थिए । २०१५ सालको पहिलो प्रतिनिधि सभाको निर्वाचनमा १०५ स्थानको लागि १५ जना महिलाहरूले उम्मेदवारी दिए पनि नेपाली काँग्रेसको तर्फबाट डडेलधुराकी द्वारिकादेवी ठकुरानी निर्वाचित भएर, निर्वाचन पछिको सर कारमा स्वास्थ्य सहायक मन्त्री बनिन् । २०१६ सालको पहिलो संसद्को माथिल्लो सदनमा राजा महेन्द्रद्वारा श्रीमती कमल राणालाई मनोनित गरिएको थियोह र, उहाँ माथिल्लो सभाको उपाध्यक्ष हुनुहुन्थ्यो । २०१५ सालदेखि २०१७ सम्म राजा महेन्द्रले २०१७ सालमा देशमा पञ्चायती व्यवस्था लागु गरेपछि महिलाहरूको राजनीतिमा सक्रियता व्यवस्थाले चाहे मात्र भयो । पहिलेका विभिन्न राजनैतिक दलका महिलाहरूमध्ये कोही भूमिगत रूपमा राजनीति गर्न थालेह कसैले विश्राम लिए । तर, पञ्चायतकालभरि नै राज्यव्यवस्थाको समर्थन गर्ने महिलाहरूको नाम सीमित रूपमै भए पनि सरकार र सत्ताको वरिपरि सुनिइरहन्थ्यो । यो प्रसङ्गलाई यति मै बिट मार्न चाहन्छु ।

*(साभार: अनलाइनखबर)*

# श्रमिकको पसिनामाथि माफियाको खेल, सरकार मौन किन ?

✍ अधिवक्ता गोविन्द पन्थी

नेपाली श्रमिकलाई थप आर्थिक बोझ र पीडा दिने प्रहरी रिपोर्ट VAFASS ले प्रमाणीकरण गर्ने प्रावधान श्रम मन्त्री नियुक्ति नभएको बेला चुपचाप भित्र्याइयो र करोडौँको चलखेल भएको कुरा खुल्दै जाँदा पनि वर्तमान सरकार बेखबरजस्तै देखिनु अत्यन्त चिन्ताजनक छ । यसले नेपालमा ब्युरोक्रेसी कसरी छाया सरकारझैँ चलखेल गर्छ भन्ने कुराको नाङ्गो चित्र देखाएको छ ।

जेन्जी आन्दोलनपछि दुबईले सुरक्षाको कारण देखाएर भिसा बन्द गऱ्यो, साढे दुई महिनापछि खोल्यो । खुल्दा प्रहरी रिपोर्ट चाहिनेभए पनि प्रहरी रिपोर्ट लिन व्यक्तिले अनलाइन फर्म भर्ने र पाउने प्राबधान हुँदा सजिलरी बनाएर कामदारहरू त्यसरी नै गए । तर बिचौलियाको 'आइडिया' पछि डिसेम्बर ४ देखि प्रहरी रिपोर्ट अनिवार्य बनाइयो र त्यसकै नाममा प्रतिव्यक्ति १४,२०० रुपैयाँ असुल्ने निजी निकाय VAFASS लाई प्रमाणिकरणको ब्याबस्था भित्राइयो । अहिले उक्त कार्यालयमा बिहान ४ बजेदेखि लाइन लाग्न बाध्य युवा–यो बाध्यता होइन भने के हो ?

प्रश्न स्पष्ट छन्–

अनलाइन हुने, प्रहरीबाट निःशुल्क पाइने रिपोर्ट निजी संस्थाले किन र कसरी प्रमाणित गर्छ ? के नेपाल सरकार भन्दा कुनै निजि संस्था माथि हुन सक्छ ? उस्ले गर्ने चेकजाँच के बाट कस्तो छ त ?

तीन महिना मात्र वैध हुने प्रहरी रिपोर्टका लागि १४ हजार किन ?

फ्री भिसा फ्री टिकेटको द्विपक्षीय श्रम सम्झौता हुँदाहुँदै यस्तो शुल्क कसको हितमा ?

भिसा नआउँदा पनि प्रहरी रिपोर्ट चाहिने अनिबार्यताले श्रमिकको पैसा फिर्ता नहुने प्रक्रिया किन ? दैनिक ५,००० संख्यामा निवेदकले प्रती ब्यक्ती १४२०० बुझाउदा दैनिक ७ करोड १० लाखको यस्तो मासिक अरबौँको चलखेल कसरी सम्भव भयो ?

यो त स्पष्ट माफिया तन्त्र हो । भिसा कलेक्सन सेन्टर मात्र भएको संस्थाले प्रहरी रिपोर्ट "प्रमाणित" गर्ने अधिकार कानुनले दिएको छ कि मिलेमतोले ? यो मिलाउनेमा दूतावास र श्रम प्रशासनका उच्च तहको संलग्नता भएको चर्चा झन् गम्भीर छ । आज दुबई, भोलि अन्य देश–यसरी निमुखा श्रमिकमाथि क्रमशः घात गर्ने बाटो खुल्ने हो ?

त्यसैले, वर्तमान श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री र नेपाल सरकारको गम्भीर ध्यान यो विषयमा तत्काल जानु अनिवार्य छ । कोकस्ले, के उद्देश्यले, कुन प्रक्रियाबाट सम्वधित मन्त्री नियुक्त नहुँदैको अबस्थामा यस्तो अव्यवहारिक र श्रमिक-विरोधी प्रावधान भित्र्यायो ? स्वतन्त्र छानबिन गरियोस् । दोषीमाथि कडा कारबाही होस्, निजी मुनाफाका नाममा श्रमिकको ढाड सेक्ने खेल तत्काल बन्द गरियोस् ।

श्रमिकको पसिना व्यापार होइन–न्याय होस्, यस्तो अब्याबहारिक र श्रमिकको ढाड सेक्ने प्रावधान तुरुन्त सच्याइयोस् ।

*(साभार: न्यूज अफ नेपाल)*

# आगामी बजेटको तयारी सुरु, प्रदेश र स्थानीय सरकारसँग आयोजना माग

काठमाडौं/संघीय सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटको तयारी थालेको छ । सोही क्रममा राष्ट्रिय योजना आयोगले प्रदेश र स्थानीय तहबाट सम्पूरक अनुदान र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम माग गरेको छ । आयोगले २६ मंसिरमा सूचना प्रकाशन गरी आगामी आवमा कार्यान्वयन हुने आयोजना र कार्यक्रमका लागि प्रस्ताव सहित विवरण माघ मसान्तसम्म आफ्नो विद्युतीय सूचना प्रणालीमा पठाउन भनेको हो ।



आयोगले सम्पूरक अनुदान सम्बन्धी कार्यविधि २०८२ (पहिलो संशोधन) र विशेष अनुदान सम्बन्धी कार्यविधि २०८२ (पहिलो संशोधन) अनुसार आयोजना पठाउन भनेको छ । कार्यविधिमा तोकिएका जिम्मेवारप्राप्त अधिकारीबाट सबै सर्त पूरा भएको प्रमाणीकरण फारम भरी यस्ता कार्यक्रमको प्रस्ताव र विवरण संघीय सरकार समक्ष पठाउनुपर्ने भएको छ ।

आयोगका अनुसार आयोजना प्रस्ताव गर्दा अहिले सञ्चालनमा रहेकासँग दोहोरो नपर्ने गरी पठाउनुपर्ने छ । प्रदेशका हकमा प्रदेश नीति तथा योजना आयोगको सिफारिस आवश्यक पर्ने आयोगले जनाएको छ । स्थानीय तहका हकमा कार्यपालिकाले आयोजना र कार्यक्रम प्राथमिकीकरण निर्णय सहित पठाउनुपर्ने भएको छ ।

**सम्पूरकका प्रमुख क्षेत्र कुन हुन् ?**

आयोगका अनुसार सम्पूरक अनुदानका लागि प्रदेश र स्थानीय तहले कृषि पूर्वाधारलाई प्राथमिकता दिन सक्ने छन् । जसमा कृषि उपज प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी पूर्वाधारमा बजेट माग गर्न सकिने भएको छ । त्यस्तै खानेपानी र सरसफाइ, सिँचाइ तथा नदी नियन्त्रण, फोहोरमैला प्रशोधन र व्यवस्थापन तथा शैक्षिक पूर्वाधारमा आयोजना माग गर्न सकिने छ । पर्यटन पूर्वाधार, मध्यवर्ती क्षेत्र विकास, विद्युत्, ऊर्जा, विज्ञान तथा प्रविधि विकास पूर्वाधार तथा स्वास्थ्य पूर्वाधारमा समेत माग गर्न सकिने आयोगले जनाएको छ ।

आयोगका अनुसार आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन, ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण लागत अनुमान निकालिएको हुनुपर्छ । तर, १० करोड रुपैयाँभन्दा माथिको लागत अनुमान भएका आयोजना वा कार्यक्रमका हकमा विस्तृत आयोजना प्रतिवेदन समावेश गर्नुपर्ने सर्त राखिएको छ ।

आयोजना वा कार्यक्रमको प्रचलित कानुन बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र त्यस्तो प्रतिवेदन स्वीकृत भएको सम्बन्धित तहको पत्रसमेत आवश्यक हुने आयोगले उल्लेख गरेको छ । आयोगका अनुसार क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिर्नुपर्ने भएको छ । प्रदेश वा स्थानीय तहले सम्पूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधि भित्रै सम्पन्न गर्नुपर्ने छ । त्यसो गर्न नसके आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने समेत सूचनामा उल्लेख छ । तलबभत्ता, मसलन्द लगायत साधारण खर्च तथा ऋण भुक्तानी, कुनै राजनीतिक तथा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना र कार्यक्रम वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने आयोजना र कार्यक्रममा समेत केन्द्रले बजेट नदिने आयोगले स्पष्ट पारेको छ । न्यूनतम सीमाभन्दा कम कुल लागत भएका आयोजना समेत प्रस्ताव गर्न पाइने छैन ।

**विशेष अनुदानको प्राथमिकता के ?**

आयोगका अनुसार विशेष अनुदानका हकमा शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि, आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा सरसफाइमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न सकिने भएको छ । आर्थिक, सामाजिक वा अन्य कुनै पनि प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासका लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पाकदत्व वृद्धि र आयआर्जन तथा जीविकोपार्जन सुधारका कार्यक्रम समेत प्रस्ताव गर्न सकिने आयोगले स्पष्ट पारेको छ ।

यस्ता आयोजना समेत पूर्वतयारी पूरा गरिएका हुनुपर्ने छ । क्रमागत आयोजनालाई प्राथमिकता दिनुपर्ने छ । समयमा कार्यक्रम नसकिए त्यसको लागत स्वयं प्रदेश वा स्थानीय सरकार हुनुपर्ने छ । चालु प्रकृतिको खर्च तलबभत्ता, ऋण भुक्तानीजस्ता प्रयोजनमा विशेष अनुदान प्रदान नगरिने समेत आयोगले स्पष्ट पारेको छ । यस्ता आयोजना उपभोक्ता समितिबाट खर्च गर्न पाइँदैन । सरकारहरूले वार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्छ । आयोजनामा दोहोरोपन हुने गरी सिफारिस गर्न पाइँदैन ।

**कति बजेट जान्छ अनुदानमा ?**

सरकारले हरेक वर्ष तल्ला सरकारलाई विभिन्न चार प्रकारका अनुदान दिने गर्छ । यसमध्ये वित्तीय समानीकरण अनुदान र ससर्त अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिसका आधारमा दिने गरिन्छ । सम्पूरक र विशेष अनुदानका हकमा भने आयोगले सिफारिस गर्ने प्रचलन छ । वित्त आयोगले हरेक वर्ष वित्तीय समानीकरण अनुदान बढाउन र ससर्त, सम्पूरक र विशेष अनुदान घटाउँदै जान सुझाव दिने गरेको छ ।

समानीकरण अनुदान प्रदेश र स्थानीय सरकारहरूले आफ्नो प्राथमिकता अनुसार खर्च गर्न स्वतन्त्र हुन्छन् । अन्य अनुदानमा भने संघ सरकारका विभिन्न प्रकारका सर्त कायम हुन्छन् । चालु आव २०८२/८३ मा कुल ४ खर्ब १७ अर्ब ८२ करोड रुपैयाँ बराबर अनुदान तल्लो सरकारमा विनियोजन गरिएको छ । जसमध्ये विशेष अनुदान १३ अर्ब ४ करोड र सम्पूरक अनुदान १३ अर्ब ३४ करोड छ । विशेष अनुदान प्रदेशमा ३ अर्ब २६ करोड छ । सम्पूरक अनुदान प्रदेशमा ३ अर्ब २८ करोड रुपैयाँ जाने गरी विनियोजन गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# ज्ञान र विज्ञानले भरिपूर्ण ग्रन्थ वेद हो: मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले वेद ज्ञान र विज्ञानले भरिपूर्ण ग्रन्थ भएको बताएका छन् ।

ब्रमेश्वर वेदविद्याश्रम गुरुकुल पञ्चकन्या, नुवाकोटद्वारा आयोजित कार्यक्रममा मुख्यमन्त्री बानियाँले ज्ञानलाई व्यवहारिक विज्ञानमा रुपान्तरण गर्न आवश्यक रहेको बताए । वेद स्वयं वैज्ञानिक भएको र यसले ज्ञानसँगै विज्ञानको उत्पादन गर्ने उनको भनाइ थियो । हामीले यसको सही सदुपयोग गर्न नसक्दा पश्चिमी मुलुकहरुले यसको प्रयोग गरेर अगाडि बढेको उल्लेख गरे । वेद लोप हुने अवस्थामा पुगेको भन्दै उनले वेद विद्याश्रमलाई व्यवस्थित गर्न बागमती प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए । प्रविधि र प्राविधिक विकासका लागि ज्ञान अनिवार्य रहेको र त्यो ज्ञान पूर्वीय दर्शन तथा वेद अध्ययनबाट प्राप्त हुने उनले स्पष्ट पारे ।

मुख्यमन्त्री बानियाँले बागमती प्रदेश सरकारले शिक्षा नीति निर्माणको क्रममा आध्यात्मिक शिक्षालाई प्राचीन सभ्यतासँग जोड्दै आधुनिक वैज्ञानिक दृष्टिकोणसँग समायोजन गर्ने तयारी गरिरहेको जानकारी दिए । वेद विद्याश्रमको भवन निर्माण, आवश्यक शिक्षक दरबन्दी तथा अनुदानको व्यवस्था गरिने र आगामी बजेटमा विशेष प्राथमिकताका साथ लगानी गरिने प्रतिबद्धता उनले व्यक्त गरे । धर्म र कर्मबारे चर्चा गर्दै मुख्यमन्त्री बानियाँले कर्म नै सत्य भएको र कर्ममा आधारित धर्म अवलम्बन गर्नुपर्ने धारणा राखे ।

सत्यमा आधारित कर्मधर्म हुने र असत्यमा आधारित कर्म कुकर्म हुने उनको भनाइ थियो । राज्य सञ्चालनसमेत कर्ममा आधारित धर्मबाट हुनुपर्ने उनले उल्लेख गरे । कार्यक्रममा वेद विद्याश्रमका पदाधिकारी, गुरुजन, विद्यार्थी तथा स्थानीयको उल्लेख्य उपस्थिति रहेको थियो ।

# 'झरीपछिको इन्द्रेणी' को अग्रिम टिकट बिक्री सुरु, बालेनको गीतले राहत देला ?



काठमाडौं/हलहरूले फिल्म 'झरीपछिको इन्द्रेणी' को अग्रिम टिकट बिक्री खुलाएका छन् । प्रारम्भिक शोज प्रकाशित भएपनि यसको पूर्ण आकार विहिबार बेलुकासम्म देखिनेछ ।

काठमाडौं उपत्यका र मोफसलका हलले शोज प्रकाशित गर्दै टिकट विक्री थालेका छन् । कतिपय हलले अझै खुलाउने तयारी गरिरहेका छन् । शुक्रबार हलिउडको बहुप्रतीक्षित 'अवतार ३' पनि आउने भएपछि हलले सोही अनुसार शोज विभाजन गर्नेछन् । 'अवतार २' ले झन्डै २०० शोज पाएको देखिन्छ ।

'अवतार ३' को विश्वबजारबाट प्रारम्भिक प्रतिक्रिया आउन थालेकाले यो फिल्मको बक्सअफिस ओपनिङ कस्तो हुनेछ, यो अहिल्यै भन्न सकिँदैन । अहिलेसम्म समग्रमा मिश्रित प्रतिक्रिया देखिन्छ ।

अब 'झरीपछिको इन्द्रेणी' को सबै कुरा यसको सकारात्मक 'वर्ड अफ माउथ' मा निर्भर हुनेछ । गायक बालेनले ल्याएको फिल्मको ओर्जिनल साउन्ड ट्र्याकले यसको प्रचारमा केही मद्दत पुगेको देखिन्छ ।

बालेनको उक्त गीतलाई लिएर टिकटक र रिल्समा हजारौं भिडियो बनिरहेका छन् । धेरैले महाकवि लक्ष्मीप्रसाद देवकोटाका कालजयी शब्द र बालेनको न्याप लिरिक्सलाई रुचाएका छन् । यस्तोमा, बालेनको गीतले फिल्मलाई फाइदा पुगेको देखिन्छ । बालेनको उक्त गीतको लोकप्रियता बक्सअफिस संख्यामा रुपान्तरण कसरी हुन्छ, त्यो भने पर्खाइको विषय हो । अर्जुन घिमिरे 'पाँडे' निर्देशित 'झरीपछिको इन्द्रेणी' को रनटाइम १४० मिनेट छ ।

# प्रहरीमा अब दैनिक मूल्यांकन प्रणाली : ९ बजेभित्र अंकसहितको विवरण हेडक्वार्टरमा

काठमाडौं/प्रहरीका दैनिक काम-कारबाहीलाई वस्तुनिष्ठ मूल्यांकन गर्ने उद्देश्यले स्वचालित मूल्यांकन प्रणाली लागु गरिएको छ । हिजो (१ पुस) देखि लागु हुनेगरी प्रहरी प्रधान कार्यालयले यो प्रणाली लागु गरेको हो । नेपाल प्रहरीका विभिन्न इकाइहरूबाट दैनिक रूपमा सम्पादन हुने कार्यहरूको विवरण समेट्ने गरी केन्द्रीय अभिलेख प्रणाली विकास गरिएको छ । जसले दैनिक रूपमा हुने काम-कारबाहीको विवरणबारे प्रष्ट पार्नेछ ।



नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्लेका अनुसार प्रहरीका काम-कारबाहीलाई पारदर्शी र वस्तुनिष्ठ मूल्यांकन गर्ने उद्देश्यले यो प्रणाली लागु गरिएको हो । प्रहरी महानिरीक्षक (आईजी) मा नियुक्त भएपछि दानबहादुर कार्कीले प्रहरीमा सुधार गर्ने बताएका थिए । आईजी कार्कीकै संयोजनमा २५ मंसिरमा बसेको नीति निर्माण समिति (पीसीसी) बैठकले प्रहरीको कार्य-प्रभावकारिता र कार्यदक्षता अनुगमन एवं मूल्यांकन गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार अहिले कार्यसम्पादन र मूल्यांकनसम्बन्धी ढाँचा बनाएर लागु गरिएको प्रवक्ता काफ्ले बताउँछन् ।

मंगलबार प्रहरी प्रधान कार्यालयमा एक कार्यक्रम गर्दै यो प्रणाली लागु गरिएको छ । प्रदेश समन्वय विभागका एआईजी डम्बर बहादुर विकले कार्यसम्पादन तथा मूल्यांकन ढाँचा कार्यान्वयनसम्बन्धी अनुशिक्षण दिएका थिए । यो प्रणाली लागु भएपछि प्रहरीको वस्तुनिष्ठ मूल्यांकनको आधार तयार हुने उनले बताए । 'यो प्रणालीले वस्तुनिष्ठ मूल्यांकनको आधार तयार गर्छ । आगामी दिनमा कुनै योजना बनाउन पनि सहयोग पुर्‍याउँछ,' एआईजी विकले भने ।

**मूल्यांकनको ७५ वटा सूचक**

प्रहरीको काम मूल्यांकन गर्न ७५ वटा सूचक राखिएको छ । ती सूचकअनुसार अंक (नम्बर) को व्यवस्था गरिएको छ । उदाहरणका लागि फरार प्रतिवादी पक्राउलाई एउटा सूचक मानिएको छ । कुन कार्यालयले फरार प्रतिवादी पक्राउ गर्‍यो, कति फरार पक्राउ गर्‍यो सोहीअनुसार सूचकमा उल्लेख भएअनुसारको नम्बर त्यो प्रहरी कार्यालयले पाउनेछ ।

फरार प्रतिवादीमा पक्राउमा पनि सामान्य कसुर वा लेनदेनको भए सोही अनुसारको अंक, जघन्य प्रकृतिको वा मोस्ट वान्डेड भए सोही अनुसारको अंक व्यवस्था गरिएको छ । कामको वर्गीकरण अनुसार १ देखि बढीमा ३ अंकसम्म दिने गरी सूचक तयार पारिएको छ । यस्ता ७५ वटा सूचक राखिएको छ । जसले गर्दा काममा प्रतिस्पर्धात्मक भावना जाग्ने र कार्यसम्पादन पनि राम्रो हुने बताइएको छ ।

**जिल्लामा ५ भागमा वर्गीकरण**

कामको आधारमा मूल्यांकन गर्न अहिले ७७ जिल्लालाई पाँच भागमा वर्गीकरण गरिएको छ । बढी जनघनत्व भएका तथा मुद्दाको चाप बढी भएका जिल्लाहरूलाई 'क' श्रेणीमा राखिएको छ । जसमा काठमाडौं, ललितपुरदेखि, पर्सा, बाँके जस्ता जिल्लाहरू छन् । त्यसपछि 'क' भन्दा कम जनघनत्व भएका जिल्लालाई 'ख', 'ग', 'घ', 'ङ' गरी वर्गीकरण गरिएको छ ।

आफूले गरेका दैनिक कामको विवरण जिल्लाले प्रदेश प्रहरी कार्यालयमा पठाउनुपर्ने हुन्छ । प्रदेश प्रहरी कार्यालय, तालिम केन्द्र, गणहरूलाई अर्को वर्गीकरणमा राखिएको छ । जिल्लाको काममा १०० पूर्णांकको मूल्यांकन हुन्छ भने प्रदेश प्रहरी कार्यालयलाई १२५ पूर्णांकको मूल्यांकन हुन्छ ।

**९ बजेभित्र अंकसहितको विवरण आईजी सचिवालयमा**

हरेक जिल्लाले आफूले गरेको कामको दैनिक विवरण बेलुका ७ बजेभित्र प्रदेश प्रहरी कार्यालयमा पठाइसक्नुपर्ने हुन्छ । त्यो कामको विवरण अनुसारको अंक जिल्ला प्रहरी कार्यालयले पाउनेछ । प्रदेशमा आएको जिल्लाको उक्त विवरण र आफ्नो समेत कामको विवरण प्रदेश प्रहरी कार्यालयले बेलुका ८ बजे भित्र प्रदेश समन्वय विभागमा पठाइसक्नुपर्ने हुन्छ ।

आफ्नो कार्यालयमा आएका काम र अंकसहितको विवरण रुजु गरेर प्रदेश समन्वय विभागले बेलुका ९ बजेभित्र दैनिक पठाइसक्नुपर्ने हुन्छ । यो सबै कामको विवरण र मूल्यांकन हेर्ने गरी प्रहरी हेडक्वार्टरमा चार वटा डेस्क खडा गरिएको छ । प्रत्येक डेस्कले दुई वटा प्रदेश हेर्नेछ भने एउटा डेस्कले एक प्रदेश र काठमाडौं उपत्यका हेर्ने गरी व्यवस्था मिलाइएको छ ।

जसअनुसार प्रत्येक दिन कुन प्रहरी कार्यालयले कति काम गर्‍यो, के-के काम गर्‍यो, कस्तो काम गर्‍यो भन्नेदेखि कति अंक पायो भन्नेसम्म वस्तुगत रूपमा रेकर्डमा बस्नेछ । यसरी कामको मूल्यांकनको आधारमा पुरस्कार दिने व्यवस्था समेत मिलाइएको छ । हरेक वर्ष दिइने कार्यसम्पादनको अंकमा समेत यसलाई आधार मान्ने बताइएको छ ।

प्रहरीको बढुवामा ४० नम्बर कार्यसम्पादन मूल्यांकनवापत राखिएको छ । तर आफू निकटस्थका व्यक्तिलाई बढी नम्बर दिने र अन्यलाई कम नम्बर दिने गरेको गुनासो हुँदै आएको छ । यसअघि २२ चैत २०८० प्रहरी बढुवामा दिइने अंकमा चलखेल हुने गरेको भन्दै तत्कालीन गृहमन्त्री रवि लामिछानेले अटोमेसन लागु गर्नुपर्ने बताएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# नेपालमा मूल्यवृद्धि ५० वर्षयताकै न्यून

काठमाडौं/नेपालमा उपभोक्ता मूल्यवृद्धि पछिल्लो ५० वर्ष यताकै न्यून बिन्दुमा झरेको छ । नेपालमा मूल्यवृद्धिलाई प्रभाव पार्ने विभिन्न तत्त्वमध्ये भारतको मुद्रास्फीति प्रमुख पक्ष हो । भारतमा पछिल्ला वर्षहरूमा मूल्यवृद्धिमा गिरावट आउँदा नेपालमा त्यसको प्रभाव देखिन थालेको हो ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्ष कात्तिकको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति १.११ प्रतिशतमा सीमित भएको छ । यसअघि आव २०३२/३३ मा मुद्रास्फीति माइनस ०.६९ प्रतिशतसम्म झरेको थियो । त्यसयता कुनै पनि वर्ष वार्षिक मूल्यवृद्धि २ प्रतिशतभन्दा कम भएको तथ्यांक छैन । मासिक गणना हुने वार्षिक बिन्दुगत मुद्रास्फीति दर पनि त्यसयता यो बिन्दुभन्दा कममा नआएको केन्द्रीय बैंकका अधिकारीहरू बताउँछन् ।

भारतको मूल्यवृद्धिको प्रभाव नेपाली बजारमा पनि प्रत्यक्ष पर्छ । सन् २०२५ नोभेम्बरमा भारतको मूल्यवृद्धि ०.७१ प्रतिशत रहेको रिजर्भ बैंक अफ इन्डियाको तथ्यांक छ । कात्तिकको मूल्यवृद्धि यति तल आउनुमा त्यसको प्रभाव पनि रहेको देखिन्छ । भारतको मूल्यवृद्धिको प्रभाव नेपालमा पर्नुको मुख्य कारण भनेको नेपाली र भारतीय मुद्राबीच भएको स्थिर विनिमय दर प्रणाली हो । त्यसका अतिरिक्त नेपालको कुल आयातको ८१ प्रतिशत हिस्सा भारतबाट आउने भएकाले पनि मूल्यवृद्धिमा आयातको योगदान पनि उत्तिकै रहने अर्थशास्त्री बताउँछन् ।

त्यसका साथै आन्तरिक आर्थिक गतिविधि लामो समयदेखि सुस्त भएकाले मूल्यवृद्धि तीन दशकयताकै न्यून हुन पुगेको उनीहरूको भनाइ छ । भारतमा न्यून मुद्रास्फीतिको स्वाभाविक असर नेपालको मूल्यवृद्धिमा देखिएको अर्थशास्त्री तथा राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा. गुणाकर भट्टले बताए । भारतीय रिजर्भ बैंकले मुद्रास्फीतिको लक्ष्य ४ प्लस-माइनस २ को ब्यान्डभित्र राखेको उनले बताए ।

'त्यसभन्दा तल भारतको मूल्यवृद्धि झरेको छ, भारतमा न्यून मुद्रास्फीति भएका कारण नेपालको आयातको व्यवस्था, आयातको ठूलो हिस्सा, पेग्ड विनिमय पद्धतिले मूल्यवृद्धि न्यून बिन्दुमा झरेको हो,' डा. भट्टले भने । भारतको मुद्रास्फीतिको दृष्टिकोणबाट नेपालको मुद्रास्फीति ठिकै मान्नुपर्ने उनले बताए । 'भारतमा १ प्रतिशतभन्दा तल छ, यहाँ १ प्रतिशतभन्दा माथि छ,' भट्टले भने,' आन्तरिक आर्थिक क्रियाकलाप पनि त्यति विस्तार हुन नसकेको अहिलेको मुद्रास्फीतिले स्पष्ट हुन्छ ।'

अहिलेको मुद्रास्फीतिले अर्थतन्त्रमा शिथिलता छ भन्ने देखिने उनको भनाइ छ । आर्थिक वृद्धिदर सुस्त र मुद्रास्फीति पनि सुस्त भयो भने समग्र माग पक्ष पनि कमजोर हुने उनको बुझाइ छ । 'खाद्यजन्य बाहेक अरू वस्तुको मुद्रास्फीति फेरि ४ प्रतिशत वरिपरि छ,' भट्टले थपे, 'खाद्यान्नसँग सम्बन्धित मुद्रास्फीति न्यून देखिन्छ, यो केही समयका लागि हुन सक्छ ।'

अर्थतन्त्रमा न्यून मुद्रास्फीति, न्यून आर्थिक वृद्धि, न्यून ब्याजदरको अवस्था लामो समय रहेको खण्डमा अर्थतन्त्र नै सुस्तीमा जाने जोखिम रहने उनको विश्लेषण छ । विश्व अर्थतन्त्रमा मन्दी आएको संकेतका कारणले पनि मुद्रास्फीति न्यून भएको राष्ट्र बैंकका अर्का पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# मंसिरमा फिल्मको व्यापार हरिविजोग, कुनैको कटेन ३० लाख

काठमाडौं/यस वर्षको कात्तिकसम्म नेपाली फिल्मका लागि उत्साहजक समय रह्यो । गएको ७ महिनामा झन्डै ६० करोडको व्यापार भएको छ । त्यसमा सबैभन्दा ठूलो योगदान फिल्म 'परान'को छ । यसले अहिलेसम्म बक्स अफिसमा साढे १७ करोड हाराहारीको व्यापार गरिसकेको छ । यसै वर्ष प्रदर्शनमा आएका दुई फिल्म 'ऊनको स्वीटर' र 'जेरी अन टप'ले पनि लगभग २४ करोड कमाएका छन् ।

तर, कात्तिक महिनापछि नेपाली फिल्मको व्यापार पूरै सुस्ताएको छ । मंसिरमा आधा दर्जन फिल्म रिलिज भए पनि कुनैले दर्शक आकर्षित गर्न सकेनन् । मंसिर ५ गते 'लडाइँ पहिचानको', मंसिर १२ गते 'हर्ष', मंसिर १८ गते 'अभिमन्यु' र मंसिर २६ गते 'पीआर', 'लोकन्ती', र 'चिराग' प्रदर्शन भएका थिए । यी ६ फिल्मले लगानी त टाढाको कुरा, प्रचारमा गरिएको खर्च समेत उठाउन सकेनन् ।

'लडाइँ पहिचानको' हलमा लागेको र उत्रिएकै दर्शकलाई थाहा भएन । यसको व्यापार ३ लाख पनि छैन । राम्रै प्रचार गरिएको 'हर्ष'ले बक्स अफिसमा झन्डै २९ लाख व्यापार गर्‍यो । 'अभिमन्यु'ले गत शनिबारसम्म २१ लाख कमाएको चलचित्र विकास बोर्डको तथ्यांकमा देखिन्छ । 'पीआर'को व्यापार पनि अहिलेसम्म ३० लाख कटेको छैन । 'लोकन्ती' र 'चिराग'को व्यापार त शून्य प्रायः छ । मंसिरमा दयनीय देखिएको नेपाली फिल्मको व्यापार पुषमा भने सुधारिने अपेक्षा गरिएको छ । किनकि, यो महिना दुई ठूला फिल्म 'झरीपछिको इन्द्रेणी' र 'एक्लो' प्रदर्शन हुँदैछन् । दुवैमा स्थापित कलाकारहरूको उपस्थिति रहेकाले दर्शकको आकर्षण बढ्ने र व्यापारमा सकारात्मक प्रभाव पर्ने विश्लेषण गरिएको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# प्रविधि र बजारीकरणबारे उद्यमी जानकार हुनुपर्छः मन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठले समयसापेक्ष प्रविधि र बजारीकरण गर्ने प्रक्रियाबारे नयाँउद्यमी जानकार हुनुपर्ने बताएकी छिन् ।

बुधबार हेटौंडा स्कुल अफ म्यानेजमेन्टले आयोजना गरेको उद्यमी पाठशाला सहजीकरण कार्यक्रमको उद्घाटन गर्दै मन्त्री श्रेष्ठले उद्यमी बन्न ज्ञान तथा सीप विकासको महत्व भएको बताइन् । ज्ञान र सीप पर्याप्त लिएरमात्र उद्यम गर्दा दिगो तरिकाले व्यवसाय गर्न सकिने उनले उल्लेख गरिन् । नयाँ उद्यमीलाई ज्ञानबारे जानकारी दिने काममा सहजीकरण गरेर हेटौंडा स्कुल अफ म्यानेजमेन्टले उदाहरणीय काम गरेको बताउदै उनले आगामी दिनमा अन्य सँस्थाले पनि यस्तै कार्य गर्नु जरुरी रहेको बताइन् ।



आगामी दिनमा बागमती प्रदेश सरकारले उद्योगनीति निर्माण गर्न सबैको सुझाव आवश्यक रहेको पनि उनले स्पष्ट पारिन् । शिक्षा प्रदायक संस्थाले उद्यमी तथा व्यवसायी बन्न सिकाउने र केही बीउपुँजी पनि प्रदान गर्दा उद्यमी तथा व्यवसायीकरणको प्रक्रियामा कोशेढुंगा साबित हुने उनले बताइन् । मन्त्री श्रेष्ठले केही ऐन बनिसकेको भएपनि तिनको कार्यविधि निर्माण हुन बाँकी रहेको उल्लेख गरिन् । उनले भनिन्, 'आगामी दिनमा उद्यमनीति कस्तो बन्नुपर्छ भन्ने विषयमा यहाँबाट प्राप्त सुझावका आधारमा मन्त्रालयले नीति निर्माण गर्नेछ ।'

मन्त्री श्रेष्ठले बागमती प्रदेश सरकारले मात्र उद्यमशीलता प्रवर्द्धन गर्न नसक्ने भन्दै उद्योग वाणिज्य महासंघ, निजीक्षेत्र तथा सरोकारवालासँग सहकार्य आवश्यक रहेको बताइन् । आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा नवयुवालाई लक्षित नवप्रवर्द्धन तथा उद्यमशीलता विकासका कार्यक्रम समावेश गर्ने तयारी रहेको उल्लेख गर्दै उनले आजको कार्यक्रममा आएका सुझावलाई कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरिन् । हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले उद्यमीको नीति मात्र आवश्यक नभएको बताए । नीतिसँगै बीउपुँजी उपलब्ध गराउनुपर्ने उनको भनाई छ ।

अर्थव्यवस्था बलियो बनाउन सार्वजनिक र निजीक्षेत्रलाई भेदभाव गर्न नहुने जोशीले बताए । सन २०२५ सम्ममा महाविद्यालयले ६ वर्षको अवधिमा ४ वटा ७० बढी विद्यार्थी यो कार्यक्रममार्फत स्नात्तक भइसकेका, २५ भन्दा बढी कार्यक्रम, ५ वटा व्यवसाय रजिस्टर्ड भइसकेर काम भइरहेकोमा ती उद्यम कार्यक्रमका लागि विद्यार्थीलाई बीउपुँजीको रुपमा २६ लाख रुपैयाँ प्रदान गरिएको कार्यक्रममा जनाइएको छ । यसबाट साँढे ३१ लाख भन्दा बढी रकम बराबरको बढोत्तरी भएको कार्यक्रममा जनाइएको छ । मसला, डिजिटल बिज्ञापनलगायत ४ वटा विभिन्न उद्यम सञ्चालनका लागि बीउ पूँजी प्रदान गरिएको कार्यक्रममा जनाइएको छ ।

उद्यमी पाठशालामा व्यवसाय गरिरहेकासँग सम्पर्क, समन्वय तथा बजारबारे रिसर्च गरिने गरेको महाविद्यालयले जनाएको छ । यसवर्ष असोजदेखि रजिष्ट्रेशन कार्यक्रम सुरु भइ पुसको दोस्रो सातादेखि तालिम सुरु गरी बैशाखभित्र यस कार्यक्रम पुरा गरिने कार्यक्रमचक्र रहेको छ । कार्यक्रममा बागमती प्रदेशमा उद्यम क्षेत्रको अवस्था, अवसर र चुनौती विषयमा उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका महाशाखाप्रमुख महेशराज पौडेल, बागमती प्रदेश उद्योग परिसंघका अध्यक्ष लेखराज पोखरेल, आर्टस स्पेशका संस्थापक प्रमिला शाहबीच प्यानल छलफल भएको थियो ।

उनीहरुले उद्यम गर्नका लागि बागमती प्रदेशले केही समयअघिदेखि चासो व्यक्त गर्न थालेपनि पर्याप्त नीति कानुन र प्रशासकीय झन्झटमा कमी गर्नुपर्ने औंल्याएका छन् । हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल जोशीको अध्यक्षतामा भएको कार्यक्रममा उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्मा, म्यानेजमेन्टका सहायक प्रिन्सिपल राम पण्डित खनाल लगायतको आतिथ्यता रहेको थियो ।

# नेपाल सरकार र एडिबीबीच सहुलियतपूर्ण ऋण सम्झौता




साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/नेपाल सरकार र एसियाली विकास बैंक (एडिबी) बीच सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरण तथा विकेन्द्रित सेवाप्रवाह सशक्तीकरण कार्यक्रमको सबप्रोग्राम २ का लागि सहुलियतपूर्ण ऋण सम्झौतामा हस्ताक्षर भएको छ ।

अर्थ मन्त्रालयमा बुधबार आयोजित समारोहमा भएको सम्झौताअनुसार एसियाली विकास बैंकले यो कार्यक्रमका लागि नेपाल सरकारलाई १०० मिलियन अमेरिकी डलर (करिब १३ अर्ब ३० करोड रुपैयाँ) बराबरको नीतिमा आधारित ऋण सहायता उपलब्ध गराउनेछ । प्रस्तुत ऋणको ग्रेस अवधि ८ वर्ष र भुक्तानी अवधि २४ वर्ष रहनेछ । सन् २०३४ फेब्रुअरी १ सम्म ग्रेस अवधि कायम रहने यस ऋणमा ग्रेस अवधिसम्म १ प्रतिशत ब्याजदर लाग्नेछ भने त्यसपछि १.५ प्रतिशत ब्याजदर कायम हुनेछ ।

ऋण सम्झौतामा अर्थ सचिव डा. घनश्याम उपाध्याय र एसियाली विकास बैंकका तर्फबाट नेपाल आवासीय नियोगका कन्ट्री डाइरेक्टर आनो कुश्वाले हस्ताक्षर गरे । समारोहमा सहसचिव डा. धनीराम शर्माले नेपालको सार्वजनिक खर्च तथा वित्तीय व्यवस्थापन र अन्तरसरकारी स्रोत व्यवस्थापनमा सुधार गर्ने उद्देश्यसहित यो कार्यक्रम सञ्चालन गरिने बताए । सम्झौतामा हस्ताक्षरपछि कन्ट्री डाइरेक्टर कुश्वा र अर्थसचिव उपाध्यायले सम्बोधन गर्दै नेपाल सरकार र एसियाली विकास बैंक बीचको सहकार्यलाई निरन्तर र अझ प्रभावकारीरुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

यस कार्यक्रमले सार्वजनिक स्रोतको प्रभावकारी उपयोग गर्दै सेवाप्रवाहलाई सुदृढ बनाउने, वित्तीय अनुशासन कायम राख्ने, बजेट निर्माण तथा खर्च व्यवस्थापनमा सुधार गर्ने, स्थानीय सरकारलाई थप सबल बनाउने तथा समग्र विकास परिणामलाई नतिजामुखी बनाउने अपेक्षा गरिएको छ । समारोहमा अर्थ मन्त्रालय तथा एसियाली विकास बैंकका वरिष्ठ अधिकारीहरुको उपस्थिति रहेको सहसचिव एवम् प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए ।

# हेटौंडा बसपार्क नजिक सेनेटरी प्याड भेन्डिङ मेसिन जडान




साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/किशोरी तथा महिलाको स्वास्थ्य र सम्मानित महिनावारी व्यवस्थापनलाई सहज बनाउने उद्देश्यले हेटौंडा जेसीजले सार्वजनिकस्थानमा सेनेटरी प्याड भेन्डिङ मेसिन जडान गरेको छ ।

जेसीआई हेटौंडाको पहलमा हेटौंडा उपमहानगरपालिका-१० स्थित बसपार्क नजिक रहेको सामुदायिक प्रहरी सेवा उपकेन्द्र परिसरमा मेसिन जडान गर्दै निःशुल्क सेनेटरी प्याड वितरण सुरु गरेको हो । कार्यक्रमका प्रमुखअतिथि सामुदायिक प्रहरी सेवा उपकेन्द्र हेटौंडाका प्रमुख प्रदीप कँडेलले सार्वजनिकस्थलमा यस्ता सुविधाको विस्तारले आकस्मिक अवस्थामा महिलालाई सहजता प्रदान गर्ने भन्दै यसले महिनावारी सम्बन्धी लाज र संकोच कम गर्न सहयोग पुग्ने बताए । जेसीआई हेटौंडाका कार्यक्रमसंयोजक जेसी राहुल दासले यात्रुको चहलपहल बढी हुने स्थानमा आवश्यक सामग्री सजिलै उपलब्ध गराउने उद्देश्यले मेसिन जडान गरिएको जानकारी दिए ।

उनका अनुसार यो अभियान महिलामैत्री समाज निर्माण तर्फको सानो तर, प्रभावकारी कदम हो । मेसिन हस्तान्तरण कार्यक्रममा हेटौंडा जेसीज वर्ष २०२० का शाखाअध्यक्ष राजेन्द्र बानियाँ, जेसीजका पदाधिकारी, सामुदायिक प्रहरी सेवा उपकेन्द्रका प्रतिनिधि तथा विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो । जेसीआई हेटौंडाका महासचिव सञ्जकुमार न्यौपानेका अनुसार करिब ३० हजार रुपैयाँ बराबरको सेनेटरी प्याड भेन्डिङ मेसिन तथा प्याड सामुदायिक प्रहरी सेवा उपकेन्द्रलाई हस्तान्तरण गरिएको हो । कार्यक्रममा सहभागीले महिलाको स्वास्थ्य, सुरक्षा र गरिमासँग जोडिएका यस्ता सामाजिक पहललाई अन्य सार्वजनिक स्थानसम्म विस्तार गर्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

# झुरझुरेमा दुग्ध संकलन केन्द्रको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/बागमती गाउँपालिका-४ झुरझुरेमा दुग्ध संकलन केन्द्रको उद्घाटन भएको छ । गाउँपालिका अध्यक्ष सर्केश घलानले एक कार्यक्रमकाबीच दूध संकलन केन्द्रको उद्घाटन गरेका हुन् ।

दुग्ध संकलन केन्द्रको उद्घाटन गर्दै अध्यक्ष घलानले गाउँपालिकाले कृषिउत्पादनमा जोड दिएर काम गरिरहेको बताए । बागमती गाउँपालिका क्षेत्रभित्र उत्पादित दुध गाउँपालिका अन्तर्गतका सहकारी एवम् कृषकमार्फत झुरझुरेमा अवस्थित संकलन केन्द्रमा संकलन गरी ललितपुरस्थित खरिपाटी डेरी उद्योग प्रालिलाई विक्री गर्ने उनले बताए । अध्यक्ष घलानले गाउँपालिकाभित्र उत्पादन भएको दूध संकलन गरी कृषकलाई समयमै रकम उपलब्ध गराउने बताए ।

गाउँपालिका प्रमुख प्रशासकीयअधिकृत ओमबहादुर दर्जीले यसबाट दुधको दिगो बजारीकरण तथा समयमा नै किसानले दुधको मूल्य प्राप्त गर्ने बताए । दैनिकरुपमा करिब ७ देखि १० हजार लिटर सम्म दुधको निर्यात गरी बागमतीका किसान लाभान्वित हुने उनको विश्वास छ । गाउँपालिकासँग भएको सम्झौताअनुसार खरिपाटी डेरी प्रालिले संकलन केन्द्रबाट दूध लानेछ र कृषकलाई दुधको रकम समयमै उपलब्ध गराउनेछ । गाउँपालिकाले यो वर्ष पनि बीउपुँजी कार्यक्रम अन्तर्गत ८ करोड रुपैयाँ कृषकलाई सहुलियतपूर्ण ऋण प्रदान गर्दैछ ।

गाउँपालिका पशुशाखा प्राविधिक राजेन्द्र गोलेका अनुसार अहिले पालिकाभित्र १२ वटा दुग्ध सहकारीमार्फत् दूध संकलन गर्दै आइरहेको छ । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिना, गाउँपालिका प्रवक्ता एवम् ३ नम्बरका वडाध्यक्ष कमानसिंह पाख्रिन, आर्थिक विकास समितिका संयोजक एवम् ७ नम्बर वडाध्यक्ष उत्तरबहादुर भोलनलगायत पालिका कर्मचारीको उपस्थिति रहेको थियो ।

# तीन तहको सरकारबीच द्वन्द्व नहोस्: मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले सहकार्य र सहअस्तित्वका आधारमा कानुन निर्माण हुनुपर्नेमा जोड दिएका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजित संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा अन्तर सम्बन्ध ऐन, २००७ को दफा २२ बमोजिम गठित विषयगत समितिको चौथो बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले संविधानले दिएको अधिकारको प्रयोग गर्दै संघ, प्रदेश र स्थानीय तहबीच कानुन बनाउँदा द्वन्द्व नहोस् भन्नेतर्फ सचेत रहनुपर्ने बताए । उनले सेवा प्रवाहलाई सहज बनाउन अधिकारको उचित बाँडफाँट आवश्यक रहेको उल्लेख गरे । मुख्यमन्त्री बानियाँले बागमती प्रदेशले आवश्यक मेसिन उपलब्ध गराइसकेको र नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र वितरण प्रक्रिया पहिलेभन्दा सहज भएको बताए ।

लाइसेन्स प्रदेशको नभई राष्ट्रकै हुने भएकाले सातै प्रदेशमा समानरुपमा लागू हुने उनको भनाइ थियो । जनताले अझै पनि सेवामा दुःख पाइरहेकाले सुशासन, पारदर्शिता, जवाफदेहिता र समयमै निर्णय कार्यान्वयन गर्न आवश्यक रहेको उनले बताए ।

लाइसेन्स छपाइको अधिकार प्रदान गरिएमा नमुना अभ्यास बन्न सक्ने उनको धारणा थियो । मुख्यमन्त्री बानियाँले निर्वाचन अघि मात्र नभई सधैं जनताको सेवा र विकासमा केन्द्रित हुनुपर्ने उल्लेख गरे । राजनीतिक दबाब होइन, सकारात्मक प्रभावमार्फत् देशलाई अघि बढाउनुपर्ने बताउँदै संघ सरकारले अत्यधिक बोझ बोक्न नहुने र जनताको अधिकार क्रमशः हस्तान्तरण गर्दै नीतिगत सुधार गर्नुपर्ने धारणा राखे ।

संविधान र कानुन अनुसार सुशासन प्रवर्द्धनका लागि कर्मचारीतर्फ करिब आठ हजारभन्दा बढीलाई र १५ हजारभन्दा बढी वडालाई विभिन्न सीपमूलक तालिम प्रदान गरिएको जानकारी पनि मुख्यमन्त्री बानियाँले दिए । कार्यक्रममा संघ, प्रदेश तथा स्थानीय तहका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# गाँजा र खैरोहेरोइनसहित हेटौंडामा दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/मकवानपुरको रातोमाटे चेकपोइन्टमा सवारी साधन चेकजाँच गर्ने क्रममा प्रहरीले प्रतिबन्धित लागूऔषधसहित दुईजनालाई पक्राउ गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटेस्थित पूर्वपश्चिम राजमार्गमा पोखराबाट जनकपुरतर्फ जाँदै गरेको ग २ ख १५६० नम्बरको यात्रुबाहक बस चेकजाँच गर्दा बसमा सवार राक्सिराङ गाउँपालिका-१ का २० वर्षीय सुमन तामाङको झोलाबाट ६ किलो ७६० ग्राम गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । तामाङलाई नियन्त्रणमा लिई लागूऔषध कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।



त्यसैगरी सोहीदिन अपराह्न ४:२० बजे रातोमाटे चेकपोइन्टमै वीरगञ्जबाट नारायणघाट तर्फ आउँदै गरेको बा.प्र. ६-००१ ज ०४५१ नम्बरको यात्रुबाहक ईभी गाडी चेकजाँच गर्दा हेटौंडा उपमहानगरपालिका-१३ पदमपोखरीका ३३ वर्षीय रामबहादुर गोलेको साथबाट २ ग्राम १२० मिलिग्राम खैरोहेरोइन फेला परेको छ । दुवै घटनामा बरामद लागू औषधसहित पक्राउ परेकालाई मकवानपुर जिल्ला अदालत, हेटौंडाबाट म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मुख्यन्यायाधिवक्तामा अप्सरा बस्नेतको नाम सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/बागमती प्रदेशको मुख्यन्यायाधिवक्तामा अधिवक्ता अप्सरा बस्नेतको नाम सिफारिस गरिएको छ । बस्नेत बागमती प्रदेश मात्र नभई नेपालकै पहिलो महिला मुख्यन्यायाधिवक्ता बन्ने भएकी छन् ।

मंगलबार उनको नाम मुख्यन्यायाधिवक्ताका लागि सिफारिस गरिएको हो । यसअघि दोलखाका अधिवक्ता सुकदेव काफ्ले मुख्यन्यायाधिवक्ताको जिम्मेवारीमा थिए ।

काफ्लेले राजीनामा दिएपछि बस्नेतको नाम सिफारिस गरिएको हो । अधिवक्ता बस्नेत जिल्ला बार एसोसिएसन मकवानपुरकी निवर्तमान अध्यक्ष हुन् । उनी जिल्ला बार एसोसिएसनको पहिलो महिला अध्यक्षसमेत बनेकी थिइन् ।

# जनकल्याण सहकारीका पदधिकारीको शपथग्रहण

साझाकुरा संवाददाता

हेटौंडा, २ पुस/हेटौंडा-६ चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाका नवनिर्वाचित पदाधिकारीले बुधवार पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् ।

निर्वाचन समितिका संयोजक मुकुन्दप्रसाद अधिकारीले पदाधिकारीलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । संस्थाको मंसिर २७ गतेका दिन सम्पन्न २९ औं वार्षिक साधारणसभा तथा अधिवेशनले हिमाल पौडेलको अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति र प्रकाश ढुङ्गानाको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति सर्वसम्मत चयन गरेको थियो ।

निर्वाचन समितिका संयोजक अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा कामधेनु बहुउद्देश्यीय सहकारीका अध्यक्ष उदय बिडारी, रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल, चौघडा सहकारीका उपाध्यक्ष त्रिविक्रम मानन्धर, सल्लाहकार गणेशकुमार श्रेष्ठ, प्रल्हाद शर्मा आचार्य, निर्वाचन समिति सदस्य बद्रीप्रसाद भण्डारी, रुपेश दुलाल, सञ्चालक समितिका पदाधिकारी, लेखा समिति, सञ्चारकर्मी, कर्मचारीलगायतको सहभागिता थियो । २ हजार ४९८ शेयरसदस्य संस्थामा आवद्ध रहेका छन् । संस्थाको आर्थिक वर्ष २०८१/८२ सम्म शेयरपूँजी २ करोड ७१ लाख ३२ हजार निक्षेप २७ करोड ४ लाख र २० करोड ९७ लाख लगानी रहेको संस्थाले जनाएको छ ।

सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।

- ट्राफिक नियम पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन चलाउँदा सावधानी अपनाऔं.
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

*सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।*

हेटौडा उपमहानगरपालिका
१७ नं. वडा कार्यालय
हटिया, हेटौडा, मकवानपुर

जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

हेटौडा उपमहानगरपालिका
८ नं. वडा कार्यालय
हेटौडा, कमाने, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना